# ऊर्जा विकास सम्बन्धमा इप्पानद्वारा जारी फोटो र छोटो भिडियो (वृत्तचित्र) प्रतियोगिताको सार्वजनिक सूचना

**आवदेनको अन्तिम मिति :- २०८१ पुस २० गते**

नेपालको ऊर्जा विकासका साथै स्थानीय स्तरमा निजी क्षेत्रले पुर्‍याएको योगदान र ऊर्जा आयोजना निर्माणका विविध आयामहरुलाई फोटो र छोटो भिडियोको माध्यमबाट अभिलेख गर्ने र आवश्यक परेको समयमा उपयोग गर्ने गरी इप्पानले आफ्नो मनाउन लागेको रजत जयन्तीको अवसर पारेर फोटो र छोटो भिडियो प्रतियोगिता आयोजना गर्न लागिएको व्यहोरा जानकारी गराईन्छ ।

१. फोटो तथा छोटो भिडियो प्रतियोगितामा सहभागी हुनको लागि आवश्यक फोटो र भिडियोहरू मिति २०८१ पुस २० गतेभित्र इप्पानको इमेल ठेगाना info@ippan.org.np मा आइपुग्ने गरी पठाउनुपर्ने छ ।

२. प्रतियोगिताका लागि पछिल्लो २५ वर्षभित्र खिचिएका फोटो तथा भिडियोहरू पठाउन सकिनेछ । प्रतियोगितामा जोसुकै व्यक्तिपनि सहभागी हुन सक्नेछन् । फ्रि साइजको फोटो पठाउन सकिनेछ भने भिडियो बढीमा ५ मिनेटको हुनुपर्नेछ ।

३. फोटो तथा भिडियोहरू ऊर्जा आयोजनाको अध्ययन, निर्माण, विद्युत उत्पादन, प्रसारण र वितरणसँग सम्बन्धित, ऊर्जा आयोजना निर्माणपछि स्थानीय स्तरमा भएको परिवर्तनसँग सम्बन्धित र मौसम परिवर्तन लगायतका कारणले ऊर्जा आयोजनामा परिरहेको प्रभावसँग सम्बन्धित हुनुपर्ने छ ।

४. फोटो तथा भिडियोहरू प्राप्त भएपछि इप्पानले नियुक्त गरेका निर्णायक मण्डलले उत्कृष्ट फोटो तथा भिडियोहरू छनोट गर्नेछन् । निर्णायकको फैसला नै अन्तिम हुनेछ ।

५. प्रतियोगितामा उत्कृष्ट हुने फोटो र भिडियो दुवै विधामा प्रमाणपत्र र नगद पुरस्कार सहित २०८१ माघ ४ गते हुने इप्पानको रजत जयन्ती विशेष कार्यक्रममा सम्मान गरिनेछ ।

६. उत्कृष्ट फोटोहरू इप्पानको रजत जयन्ती विशेष ऊर्जा समृद्धि स्मारिकामा प्रकाशित गरिनेछन् भने छोटो भिडियोहरू रजत जयन्तीको विशेष कार्यक्रममा प्रसारण गरिनेछन् । उत्कृष्ट फोटो र भिडियोहरू इप्पानको वेवसाइट www.ippan.org.np मा पनि राखिने छ ।

७. पुरस्कार राशी निम्नानुसार हुनेछ । फोटो र भिडियो दुवै विधामा छुट्टा छुट्टै पुरस्कार दिइनेछ ।

## छोटो भिडियो तर्फ

क. प्रथम पुरस्कार
नगद रु. ५०,०००।-

ख. द्वितीय पुरस्कार
नगद रु २५,०००।-

ग. तृतीय पुरस्कार
नगद रु १५,०००।



## फोटो तर्फ

क. प्रथम पुरस्कार
नगद रु. ३०,०००।-

ख. द्वितीय पुरस्कार
नगद रु २०,०००।-

ग. तृतीय पुरस्कार
नगद रु १०,०००।-

नोट: थप जानकारीको लागि यस कार्यालयको वेवसाइट www.ippan.org.np लग इन गर्न वा फोन नं. ०१४१६९१७५ वा मोबाइल नम्बर ९८५१३५८२७५ मा सम्पर्क गर्न सकिने छ ।

# नेपालको ऊर्जा विकासवारे निबन्ध लेखन प्रतियोगिता सम्बन्धी सार्वजनिक सूचना

**आवदेनको अन्तिम मिति :- २०८१ पुस २० गते**

यस स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान)ले आफ्नो स्थापनाको २५[औं] वार्षिकोत्सवमा आयोजना गर्न लागेको इप्पान रजत जयन्तीको विशेष अवसरमा **"खुला निबन्ध लेखन तथा वाचन प्रतियोगिता"** आयोजना गर्न लागिएको हुँदा सहभागिताको लागि सबैमा हार्दिक अनुरोध गर्दछौ ।

**प्रतियोगितामा सहभागी हुन चाहनेहरुले तपसिलका सर्तहरु पूरा गर्नुपर्ने छ**

## तपसिल

१. निबन्धको शीर्षक "ऊर्जामार्फत नेपालको समृद्धि" हुनु पर्नेछ ।
२. निबन्ध कहीँ कतै प्रकाशन र प्रशारण नगरिएको तथा मौलिक हुनु पर्नेछ ।
३. निबन्ध तोकिएको विषयवस्तुमा केन्द्रित भइ १५००-२००० शब्दमा नबढाई नेपाली भाषामा लेखिएको हुनुपर्ने छ ।
४. निबन्ध २०८१ साल पुस २० गते भित्र यस कार्यालयको इमेल ठेगाना info@ippan.org.np मा पठाउनु पर्नेछ ।
५. निर्णायक समितिको निर्णय अन्तिम हुनेछ । निर्णायक समितिले प्राप्त निबन्धहरुको आधारमा उत्कृष्ट १० वटा निबन्ध छनोट गर्नेछ र छनोट भएका १० निबन्धहरुलाई एक कार्यक्रमकाबीच वाचन गर्ने मौका दिइनेछ । लेखन र वाचन दुवैको अंकभारका आधारमा बिजेता घोषणा निर्णायक समितिले गर्नेछ ।
६. लेखकले निबन्ध उपलब्ध गराउँदा आफ्नो परिचय खुल्ने कागज, ठेगाना, इमेल र मोबाइल नम्वर समेत पठाउनु पर्नेछ ।
७. उत्कृष्ट निबन्धहरुलाई इप्पानको २५ औं वार्षिकोत्सवको अवसरमा प्रकाशन हुने विशेष ऊर्जा समृद्धि स्मारिकाका साथै इप्पानको वेवसाइट www.ippan.org.np मा पनि प्रकाशन गरिनेछ ।
८. २०८१ साल माघ ४ गते इप्पान रजत जयन्तीको अवसरमा आयोजित विशेष कार्यक्रममा प्रथम, द्वितीय र तृतीय हुने प्रतियोगीलाई प्रमाणपत्र सहित नगद पुरस्कार वितरण गरिनेछ ।



**प्रथम पुरस्कार:**
नगद रु ५०,०००
**द्वितीय पुरस्कार:**
नगद रु २५,००० |
**तृतीय पुरस्कार:**
नगद रु १५,०००/

नोट: थप जानकारीको लागि यस कार्यालयको वेवसाइट www.ippan.org.np लग इन गर्न वा फोन नं. ०१४१६९१७५ वा मोबाइल नम्बर ९८५१३५८२७५ मा सम्पर्क गर्न सकिने छ ।